२९,मंसिर,२०७८
सितापाईला, काठमाण्डौ ।

यस डिप्रोक्स लघुवित्त वित्तीय संस्थाले अपनाएको बिधि र सेवा वितरण प्रणालीमा केही नयाँ प्रवृत्ति, चुनौती र अवसरहरू देखिएकोले यी चुनौती र अवसरहरूलाई सम्बोधन गर्ने क्रममा कर्जा व्यवस्थापन तथा वर्तमान कठिन अवस्थामा शाखा प्रबन्धकहरूको क्षमता अभिवृद्धि गर्न थप तालिम दिई सक्षम र सवल बनाउनु आवश्यक महशुस गरी मिति २०७८ मंसिर २५ देखि २६ सम्म सितापाईला, काठमाण्डौमा Motivational बिषयक तालिम संचालन गरिएको थियो । उक्त तालिममा संस्थाका का.मु. मुख्य प्रबन्धक श्री ज्ञानेन्द्रप्रसाद अर्यालले सहभागीहरूलाई स्वागत मन्तब्य राख्नु भएको थियो ।




संस्थाका का.मु. सहायक महाप्रबन्धकहरू श्री हेमकुमार काफ्लेले शाखा प्रबन्धकको काम र कर्तव्यको बारेमा, श्री पुष्पराज अधिकारीले संस्थाले संचालन गरिरहेको CBS तथा AML/CFT को बारेमा, श्री हरिप्रसाद आचार्यले हाल लघुवित्त रहेको चुनौती र अवसरको बारेमा तालिम दिनुभएको थियो । साथै श्रोत ब्यक्तिका रूपमा आउनु भएका श्री मेघराज गजुरेलले Motivational तथा श्री सुन्दर प्रसाद श्रेष्ठले Delinquency Management बारेमा तालिम दिनु भएको थियो भने संस्थाकै बरिष्ठ अधिकृतले यस तालिममा स्रोत व्यवस्थापक रूपमा तालिम दिनु भएको थियो । यस तालिममा जम्मा २४ जना शाखा प्रबन्धकहरूले भाग लिएका थिए र उक्त कार्यक्रममा संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री शेषरमण आचार्यले सहभागीहरूलाई आफ्नो भनाई सहित कार्यक्रम समापन गर्नु भएको थियो ।